नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. को पूर्ण स्वामित्वमा सञ्चालित

# एनएमसी एग्रो फार्म

मेचीनगर - १४, दुहागढी

## कोटेसन आह्वान सम्बन्धमा

*प्रथम पटक प्रकाशित मिति : २०८२।३।५*

एनएमसी एग्रो फार्ममा पालिएका गाई (करिव १२० ओटा) तथा माछा (करिव २ हेक्टर क्षेत्रफल) का लागि दाना खरिद गर्नु पर्ने भएको हुँदा तपसिलका शर्तहरु अन्तरगत रहि इच्छुक बिक्रेता, फर्म तथा कम्पनीबाट दर भाऊ (मूअकसहित) कोटेसन आह्वान गरिन्छ ।

तपसिल

१. गाई दानाको हकमा : न्युनतम निम्न विवरण उल्लेख गर्नु पर्नेछ ।

- दानामा भएको प्रोटिन, फ्याट, फाइवर र चिस्यान प्रतिशत
- दानाको प्रकार : पेलेट
- दानाको समिश्रण विवरण : जस्तै मकै, खुदो, भटमास, पिना, तोरी पिना, ब्रान, मिनरल, भिटामिन आदि के-के समिश्रण गरिएको छ ।
- सामान्यतया: निम्न अनुसार

  **For milking animals**
  Crude protein ( Min ) 20 %
  Crude fat ( Min ) 4 %
  Crude Fiber ( Max) 12 %
  Moisture ( Max ) 11 %
  Acid Insoluble Ash ( Max ) 3 %

  **For Dry animals**
  Crude protein ( Min ) 18 %
  Crude fat ( Min ) 2.5 %
  Crude Fiber ( Max) 12 %
  Moisture ( Max ) 11 %
  Acid Insoluble Ash ( Max ) 3 %

२. माछा दानाको हकमा : न्युनतम निम्न विवरण उल्लेख गर्नु पर्नेछ ।

- दानामा भएको प्रोटिन, फ्याट, फाइवर र चिस्यान प्रतिशत
- दानाको प्रकार : Floating feed
- दानाको समिश्रण विवरण : जस्तै फिस मिल, फिस आयल, सोया मिल, गहुँको पिठो, मिनरल, भिटामिन आदि के-के समिश्रण गरिएको छ ।
- दानाको साइज : साइज अनुसारको दर भाऊ पेश गर्नु पर्नेछ ।

३. अन्य शर्तहरु

- उधारो सुविधाको शर्त : कति दिनको उधारो सुविधा हुनेछ ।
- नगद छुटको शर्त : सामान ढुवानी भएको एक महिना भित्र (अथवा एक बिल मात्र बाँकी रहेमा) भुक्तानी भएमा कति प्रतिशत वा प्रति के.जी. कति रकम एनएमसीलाई नगद छुट प्राप्त हुनेछ ।
- टार्गेट कमिशनको शर्त (Target Commission) : मासिक वा त्रैमासिक कति के.जी. वा बोरा खरिद गर्दा कति प्रतिशत कमिसन एनएमसीलाई प्राप्त हुनेछ ।
- यो कोटेसन कति अवधिसम्मका लागि मान्य हुनेछ ।

- पछिल्लो दाना जाँच गरेको ल्याव रिर्पोट पनि पेश गर्नु पर्नेछ ।
- सप्लायर्सका तर्फबाट प्राबिधिक (पशु चिकित्सक वा मत्स्य प्राबिधिक) भिजिट तथा अन्य प्राविधिक सुविधा सम्बन्धि प्रावधान खुलाउनु पर्नेछ ।
- कोटेसन पेस गर्दा कम्पनीको नाम, ब्राण्ड स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
- सामाग्री फर्मको स्थल (मेचीनगर नगरपालिक-१४, दुवागढी) सम्म ढुवानी, लोड अनलोड गर्दाको शर्त र अवधि समेत उल्लेख गरि प्रति एकाई (के.जी.) रकम भ्याट सहित खुलाउनु पर्नेछ ।
- कोटेसन पेस गर्ने अन्तिम मिति २०८२ असार १५ गते आइतवारसम्म तोकिएको छ ।
- कोटेसन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार संस्थामा निहित रहनेछ ।
- कोटेसन फार्मको कार्यालयमा वा इमेलमा (agrofarmheadoffice@nmc.coop.np) पेश गर्नु पर्नेछ ।
- कोटेसन पेश गर्दा अनिवार्य रुपमा निम्न कागजातहरु पेश गर्नुपर्नेछ ।
    - उद्योगको हकमा उद्योग दर्ता प्रमाण पत्र, पान दर्ता, आ.व. ०८०.०८१ को कर चुक्ता प्रमाण पत्र, प्रोपाइटर वा सञ्चालकको नागरिकताको प्रतिलिपी समेत बुझाउनु पर्नेछ ।
    - डिलरको हकमा डिलरसिपको इजाजत पत्र, व्यवसाय दर्ता प्रमाण पत्र, पान दर्ता, आ.व. ०८०.०८१ को कर चुक्ता प्रमाण पत्र, प्रोपाइटर वा सञ्चालकको नागरिकताको प्रतिलिपी समेत बुझाउनु पर्नेछ ।
    - सम्पुर्ण कागजातहरु नविकरण गरिएको वा अद्यावधिक हुनु पर्नेछ ।
- कोटेसन पेश गर्दा हाल दाना प्रयोग गर्दै गरेका किसान, कृषि फार्म वा सहकारीहरुको विवरण उल्लेख गर्नु पर्नेछ ।
- कोटेसनको निवेदन हस्तलिखित वा कम्प्युटरको मुद्रण प्रति बुझाउन सक्नु हुनेछ ।

थप जानकारीका लागि : ९८५२६८९४००, ९८५२६८९४१५

**- एनएमसी एग्रो फार्म**